# जुनीचाँदे गाउँपालिका
## Junichande Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

मजकोट, जाजरकोट
Majkot, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


प.सं./Letter No.: ०८२/०८३
च.नं./Ref. No.:

मिति:२०८३/०२/२६

श्री सरोकारवाला (सबै)

**विषय: भुक्तानी सम्बन्धमा अत्यन्त जरुरी सुचना ।**

( सुचना प्रकाशित मिति: २०८३/०२/२६ )

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावलि २०७७ को नियम ३० बमोजिम सबै प्रकारका भुक्तानिहरु आर्थिक वर्ष समाप्त हुनु भन्दा एक हप्ता (७ दिन ) अगाबै भुक्तानि लिई नियमअनुसार खर्च अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहे बमोजिम यस कार्यालयबाट आ. व .२०८२/०८३ को भुक्तानी लिन बाँकी विषयगत शाखाहरु, वडा कार्यालयहरु, उपभोक्ता समितिहरु, निर्माण व्यवसायिहरु, आपुर्तिकर्ताहरु तथा संघ-संस्थाहरु लगायत सबै सरोकारवालाहरुले समयमै कार्य सम्पन्न गरी सम्पूर्ण कागजातहरु २०८३/०३/१५ गते भित्र पेश गरि भुक्तानि लिन हुन अनुरोध छ ।

विगतको अभ्यास एवं अनुभवबाट आर्थिक वर्षको अन्त्यमा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्राविधिक समस्या आई समयमा भुक्तानीको कार्य नहुने, भुक्तानी रोकिन सक्ने तथा बजेट फ्रीजको समेत जोखिम हुन सक्ने भएकोले मिति २०८३/०३/१५ गते भित्र भुक्तानी नलिई उल्लिखित समस्याका कारण यस गाँउ कार्यपालिकाको कार्यालयबाट भुक्तानी लिन असमर्थ भएमा वा भुक्तानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालय जिम्मेवार नहुने तथा सम्बन्धित सरोकारवालाहरु नै जिम्मेवार हुने व्योहोरा समेत जानकारीको लागि अनुरोध छ । साथै यस कार्यालयवाट हुने योजना सम्झौता तथा पेश्की दिने कार्य मिति २०८३/०२/२५ गते देखी बन्द गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

..................
तेजेन्द्र बम
वरिष्ठ लेखा अधिकृत

..................
दल बहादुर बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ:**

श्री अध्यक्ष/उपाध्यक्ष ज्यू(जानकारीका लागि)

श्री वडा कार्यालय सबै,(आवश्यक सहजीकरण गर्नहुन)